# लोक सेवा आयोगका सूचनाहरु

## केन्द्रीय कार्यालय, कमलपोखरी

### *तथ्यांक तथा प्रकाशन शाखा*

### कार्य क्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ६३/०६४-६५**

निजामती सेवा ऐन, २०४९ को दफा ७(१) बमोजिम निम्न पद (कार्य क्षमता मूल्याङ्कन) द्वारा पूर्ति गर्नु पर्ने भएकोले २०६४ साल असार मसान्तसम्ममा निजामती सेवा ऐन, २०४९ को दफा २१, र २४ तथा नि.से.नि., २०५० को नियमा ७६ बमोजिम सम्भाव्य उम्मेदवार हुनेहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०६४।१०।२९ गते सम्ममा दरखास्त दिन सूचना गरिन्छ।

विज्ञापन भएको २१ (एक्काइस) दिन भित्र रित पूर्वक थप माग प्राप्त भएमा त्यस बमोजिमको पद समेत थप हुने छ।

दरखास्त फाराम लोक सेवा आयोगको केन्द्रीय कार्यालय, क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरुबाट निःशुल्क उपलब्ध हुनेछन्। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त दाखिला गर्ने अन्तिम मितिभित्र आयोगको केन्द्रीय कार्यालय, दरखास्त दर्ता फांट कमलपोखरी, काठमाडौंमा बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

पुनश्च:

(क) आफूले प्राप्त गरेको शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि तथा समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ।

(ख) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ।

(ग) दरखास्त फाराम साथ सेवा अवधि प्रमाणित हुने कागजात पेश गर्नु पर्नेछ।

(घ) दरखास्त फाराम भर्दा स्पष्ट खुलाउनु पर्ने विवरण दरखास्त फारामको विभिन्न महलको द्रष्टव्यमा उल्लेख भए बमोजिम गर्नु पर्नेछ।

(ङ) महिला उम्मेदवारका लागि उल्लिखित सेवा अवधि एक वर्ष कम भए पनि बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन पाउनेछन्।

### विवरण

| सि.नं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १ | १३०/०६४-६५ | शाखा अधिकृत, परराष्ट्र, रा.प.तृतीय | २ (दुई) |
| २ | १३१/०६४-६५ | शाखा अधिकृत, प्रशासन, राजस्व रा.प.तृतीय | ४ (चार) |
| ३ | १३२/०६४-६५ | शाखा अधिकृत, प्रशासन, सामान्य प्रशासन, रा.प.तृतीय | ११ (एघार) |
| ४ | १३३/०६४-६५ | लेखा अधिकृत, प्रशासन, लेखा, रा.प.तृतीय | ३ (तीन) |
| ५ | १३४/०६४-६५ | शाखा अधिकृत वा सो सरह, न्याय, न्याय, रा.प.तृतीय | ६ (छ) |
| ६ | १३५/०६४-६५ | शाखा अधिकृत वा सो सरह, न्याय, कानून, रा.प.तृतीय | २ (दुई) |
| ७ | १३६/०६४-६५ | शाखा अधिकृत वा सो सरह, न्याय, सरकारी वकिल, रा.प.तृतीय | २ (दुई) |
| ८ | १३७/०६४-६५ | लेखापरीक्षण अधिकारी, लेखापरीक्षण, रा.प.तृतीय | २ (दुई) |

**माग गर्ने निकाय:-** (१) सामान्य प्रशासन मन्त्रालय।